पुचौंडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# पुचौंडी नगरपालिका

## एम्बुलेन्स सेवा संचालन कार्यविधि

२०७५


प्रकाशक

पुचौंडी नगरपालिका

बैतडी

पुर्चौंडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# एम्बुलेन्स सेवा संचालन कार्यविधि २०७५

# पुर्चौंडी नगरपालिका बैतडी

**प्रस्तावना**:-एम्बुलेन्स सेवालाई सरल,सहज र भरपर्दो तरिकाले व्यवस्थीत गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुच बढाई सेवाको गुणस्तर बृद्धि गर्न वान्छनिय भएकाले ,

**१. संक्षिप्त नाम र प्रारम्भ** :-(१) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा संचालन कार्यविधि २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु गरिनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क.एम्बुलेन्स भन्नाले विरामी ओसार्ने स्विकृती प्राप्त गरेको वाहन सम्झनु पर्दछ र सो शब्दलेएम्बुलेन्समा जडित उपकरण चालक र परिचालक समेतलाई जनाउछ ।

ख. एम्बुलेन्स जनशक्ति भन्नालेएम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्दछ ।

ग. चालक भन्नालेएम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ ।

घ. समिति भन्नाले नगरस्तरिय एम्बुलेन्स सेवा संचालन तथा समन्वय समिति सम्झनुपर्दछ ।

ङ. उपसमिति भन्नाले एम्बुलेन्स सेवा संचालन गर्ने समिति सम्झनु पर्छ ।

च. शुल्क भन्नाले समितिले तोकेको अनुमती नविकरण तथा सेवा शुल्क सम्झनुपर्दछ ।

छ. सेवा भन्नालेएम्बुलेन्सले विरामी लाई दिने सम्पूर्ण सेवा सम्झनु पर्दछ ।

**३.एम्बुलेन्स सेवा संचालन समन्वय समिति**: -

१. एम्बुलेन्स सेवा संचालन र व्यवस्थापन र अनुगमन गर्नका लागि देहायका पदाधिकारी रहेको एम्बुलेन्स सेवा संचालन समन्वय समिति रहने छ ।

(१) नगर उपप्रमुख - संयोजक

(२) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(३) सामाजिक विकास समितिको संयोजक - सदस्य

(४) इलाका प्रसासन प्रमुख - सदस्य

(५) इलाका प्रहरी प्रमुख - सदस्य

(६) नगरपालिकाको लेखा प्रमुख - सदस्य

(७) नगरपालिकाको स्टोर किपर - सदस्य

(८) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

(९) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

२. **समितिको कुल सदस्य संख्या** मध्ये ५१ प्रतिशत सदस्य संख्या उपस्थित रहेमा बैठक बस्नका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३.**समितिको बैठक**आवश्यकता अनुसार बस्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार**: - समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१). एम्बुलेन्स सेवा संचालन गर्न उप समिति गठन गर्ने,

(२) गठन गरेको उप समितिलाई कार्य संचालन गर्न स्विकृतीका लागि कार्यपालिकामा पेश गर्ने,

(३) सेवा संचालन गरे नगरेको अनुगमन गर्ने,

(४) चालकले पालना गर्ने आचर संहिता लागु गर्ने, लागु भए नभएको अनुगमन गर्ने,

(५) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने,

(६) यस कार्यविधि अनुसारको आचार संहिता पालन नगर्नेलाई चेतावनी दिने र आचार संहिता पालन गर्न लगाउने,

(७) नगरबाट संचालन हुने एम्बुलेन्सको निश्चीत मापदण्डको आधारमा भाडा निर्धारण गर्ने,

(८) एम्बुलेन्स, एम्बुलेन्स जनशक्ति, एम्बुलेन्स सवार विरामी तथा त्यस्तो विरामिको सहयोगीको विमा गर्न लगाउने, विमा नगरिएका एम्बुलेन्स संचालनमा रोक लगाउने,

(९) सरोकारवाला तथा अन्य संघ संस्थाहरुविच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(१०) नगरको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा संचालनको लागि आवश्यक मापदण्ड बनाउने,

(११) समितिको सदस्य सचिवले संस्थाको सेवा प्रवाह स्थितीको अध्यावधिक विवरण ६/६ महिनामा नगरकार्यपालिकामा पेश गर्ने,

**६ एम्बुलेन्स सेवा संचालन उप समिति**: देहाय बमोजिम हुनेछ,

(१) प्रमुख प्रसासकिय अधिकृत - संयोजक ।

(२) जिन्सी शाखा प्रमुख - सदस्य ।

(३) लेखा शाखा प्रमुख - सदस्य ।

(४) महिला तथा वालवालिका शाखा प्रमुख - सदस्य ।

(५) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव ।

पुर्चौडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**७. उपसमितिको काम,कर्तव्य र अधिकारः** देहायबमोजिम हुनेछ ।

(क) प्रचलित कानुनमा उल्लेख भए बमोजिम शर्तहरु पालन गरी समितिको समन्वयमा एम्बुलेन्स सेवा संचालन गर्ने,

(ख) नगर एम्बुलेन्स सेवा संचालन समन्वय समितिले तोके अनुसार एम्बुलेन्सको भाडा लिई सोको विल सेवा ग्राहीलाई उपलब्ध गराउने व्यवस्था गर्ने ।

(ग) संस्था र संचालकको नाम, ठेगाना, टेलीफोन न., सेवाशुल्क सम्बन्धि विवरण सम्बन्धित संस्थाको कार्यालय तथा एम्बुलेन्समा समेत सबैले देख्ने ठाउमा लेखी टास्नुपर्ने,

(घ) विरामीलाइ् विरामि रहेको ठाउ वा घटनास्थल बाट अस्पताल वा उपचार स्थलसम्म चिकित्सक वा स्वास्थ्यकर्मीले सिफारिस गरेबमोजिम विरामीको बासस्थान सम्म पुऱ्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नुपर्ने,

(ङ) एम्बुलेन्स, एम्बुलेन्स जनशक्ति, एम्बुलेन्समा सवार विरामि तथा त्यस्तो विरामीको सहयोगिको विमा गर्नुपर्ने ।

(च) असहाय गरिव तथा सडक दुर्घटनामा परेका व्यक्तिलाई एम्बुलेन्स सेवा निशुल्क प्रदान गर्नुपर्ने ।

(छ) कुनै पनि बहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि वञ्चित गर्न नहुने ।

(ज) एम्बुलेन्स सेवा प्रदान गरेवाफत प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नुपर्ने र प्रत्येक वर्ष लेखा परिक्षण गर्नुपर्ने र सोको जानकारी समितिलाई गराउने ।

(झ) एम्बुलेन्सलाई चौबिसै घण्टा सेवा प्रदान गर्नु पर्ने हालतमा राख्नुपर्ने ।

(ञ) विरामी लिई विदेश जानुपर्ने एम्बुलेन्सले प्रचलित कानुन बमोजिम स्विकृती लिनुपर्ने ।

(ट) समितिले समय समयमा दिएका निर्देशनहरुको पालना गर्नुपर्ने ।

**८.निःशुल्क सेवाः** निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुने अवस्थाहरु:

(१) विपदको अवस्थामा: दैवी प्रकोप, भूकम्प,वाढी पहिरो, सडक दुर्घटना,आदी भएको अवस्थामा पहिलो प्राथमिक उपचार सेवा केन्द्र वा समितिले सिफारिस गरे बमोजिम ।

(२) टुहुरा, वेसाहारा, एवम् अति विपन्न लाई समितिको सिफारिसमा निःशुल्क उपलब्ध हुनेछ ।

(३) गर्भवती, २ वर्ष मुनिका वालवालिका, जेष्ठ नागरिक, तथा अति असक्त अपांगता भएकालाई २५ प्रतिशत छूट हुनेछ ।

**८. कोष** :- एम्बुलेन्स सेवा संचालनका लागि देहायबमोजिम कोषको व्यवस्था गरिनेछ ।

(क) एम्बुलेन्स सेवाको प्रभावकारी व्यवस्थापन सुनिश्चीत गराउनको लागि नगरपालिकाको छुट्टै एम्बुलेन्स सेवा संचालन कोषको व्यवस्था गरिने छ ।

(ख) आर्थिक तथा मानविय स्रोत व्यवस्थापनका लागि,

पुर्चौडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(ग) आम्दानी र खर्चको विवरण अलग्गै बैंक खाता खोली दुरुस्त राख्ने र कोषको अवस्थाको बारेमा ६/६ महिनामा समितिलाई जानकारी गराउने,

(घ) कोषको खाता उप समितिका संयोजक प्रमुख प्रसासकिय अधिकृत र सदस्य लेखा प्रमुखको संयुक्त हस्ताक्षरवाट संचालन गरिने छ ।

### ७. कोषको खर्च तथा व्यवस्थापन :

(१) एम्बुलेन्सको इन्धन खरिदमा खर्च गर्ने,

(२) चालक र स्वास्थ्यकर्मीको पारिश्रमिक तथा दैनिक भत्ता अन्य सुविधा समितिले निर्धारण गरेबमोजिम,

(३) एम्बुलेन्समा चाहिने मेडीकल पउकरण तथा सरसामान खरिदमा,

(४) एम्बुलेन्सको मर्मत सम्भारमा,

(५) एम्बुलेन्सको बिमा तथा दर्ता नविकरणमा,

(६) रुट पर्मिट इजाजत पत्र प्राप्त् तथा नविकरणमा,

**८. कोषको लेखा परिक्षण** : उप समितिले मान्यता प्राप्त लेखा परिक्षकबाट नगरपालिकाको बार्षिक लेखा परिक्षण संगै गराई समिति मार्फत नगर कार्यपालिकामा प्रतिवेदन बुझाउने ।

**९. व्याख्या गर्ने निकाय** : यस कार्यविधि निर्देशिकाको कुनै पनि प्रावधानमा दुविधा भएमा समितिको सहभागितामा नगर कार्यपालिकाले यसको व्याख्या गर्नेछ ।

**१०. कार्यविधि निर्देशिका संसोधन गर्ने अधिकार** : यस कार्यविधि निर्देशिकाको कुनैपनि प्रावधान संशोधन गर्नुपर्ने आवश्यक भएमा सोको पुस्ट्याई सहित समितिमा छलफल गरेर नगरकार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ र बैठकबाट सो संशोधन स्विकृत भएपश्चात लागु हुनेछ ।

| | | |
|---|---|---|
| स्वास्थ्य संयोजक | नि. प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

पुर्चौडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अनुसुचि १

## समिति द्वारा निर्धारित एम्बुलेन्सको भाडा दर:

| क. सं. | स्थान देखि | स्थान सम्म | शुल्क रु. |
|---|---|---|---|
| १ | हाट(रयासी, बडगाँउ) रोडहेड | धनगढी | ८५०० |
| २ | हाट(रयासी, बडगाँउ) रोडहेड | डडेल्धुरा | ४५०० |
| ३ | हाट(रयासी, बडगाँउ) रोड हेड | बैतडी | ५००० |
| ४ | हाट(रयासी, बडगाँउ) रोडहेड | ढोल्यामोड | १५०० |
| ५ | कुवाकोट(रोडहेड) | धनगढी | ९०००० |
| ६ | कुवाकोट(रोडहेड) | डडेल्धुरा | ५००० |
| ७ | कुवाकोट(रोडहेड) | बैतडी | ६००० |
| ८ | कुवाकोट(रोडहेड) | वित्थड (वझाङ्ग) | २००० |
| ९ | हाट(रयासी, बडगाँउ) रोडहेड | आछाम वयलपाटा | ९००० |
| १० | कुवाकोट(रोडहेड) | आछाम वयलपाटा | ९००० |
| ११ | हाट | नेपालगंज | १५००० |
| १२ | माथहतका स्वास्थ्य संस्थाहरु वाट | हाट सम्म लमसम | ५०रु./कि.मि. |
| १३ | अन्य थप स्थानको हकमा | गन्तब्य सम्म | १२ रु./कि.मि. |
| १४ | | | |
| १५ | | | |

स्वास्थ्य संयोजक — नि. प्रमुख प्रशासकीय अधिकृत — नगर प्रमुख

पुर्चौंडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अनुसुचि - २

## एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचार संहिता

१. पूर्चौंडी नगरपालिकाले जारी गरेको एम्बुलेन्स सेवा संचालन कार्यविधि २०७५ तथा एम्बुलेन्स सेवा संचालन सम्बन्धि राष्ट्रिय निर्देशिका २०७५ लाई पूर्ण पालना गर्ने ।

२. आफनो पेशागत भूमिका निर्वाह गर्ने कममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफनो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३. मादक पदार्थ सेवन गरि एम्बुलेन्स चलाउन नहुने ।

४. विरामीको ओसार पसार तथा उपचार गर्ने कममा विरामी तथा विरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरि उच्चस्तरिय सेवा प्रदान गर्नु पर्ने ।

५. आफुले लिएको निर्णयहरुमा आफनै व्यक्तीगत रुपमा जिम्मेवार र जवाफदेहि हुनु पर्ने ।

६.आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफनो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७. कुनैपनि विरामी वा  ओसार पसार गर्नु अघि उस्को वारेमा प्रयाप्त जानकारी लीई उपचारमा सहयोग गर्ने ।

८. विरामीलाई विच वाटोमा छाडन नहुने ।

९. आफनो कामको सिलसिलामा पाएका कुनै पनि सुचना गोप्य राख्नु पर्ने तथा विरामीहरुबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचनाको वारेमा जानकारी दिन सक्ने ।

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुरयाउनु पर्ने ।

११. आफुले उचित देखेको विरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफनो सुपेरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिन पर्ने ।

१२. प्रचलित कानूनको पालना गर्ने ।

म ............................................(नाम)...............................ठेगाना .......................ना. प्र. नं................जिल्ला ड्राइभिङ्ग लाइसेन्स नं. .....................ले माथी उल्लेखित आचार संहिता अध्ययन गरेको छु .........जिल्ला ................संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्णरुपमा पालना गर्न सहमति जनाई सहि छाप गरेको छु ।

चालकको दस्तखत:

मिति:

रहोवरमा प्रमाणित गर्नेको दस्तखत:

नामथर:

पद:

मिति::

संस्थाको छाप:

अनुसुचि - २

## एम्बुलेन्स चालकले पालना गर्नु पर्ने आचार संहिता

१. पूचौंडी नगरपालिकाले जारी गरेको एम्बुलेन्स सेवा संचालन कार्यविधि २०७५ तथा एम्बुलेन्स सेवा संचालन सम्बन्धि राष्ट्रिय निर्देशिका २०७५ लाई पूर्ण पालना गर्ने ।

२. आफनो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफनो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३. मादक पदार्थ सेवन गरि एम्बुलेन्स चलाउन नहुने ।

४. विरामीको ओसार पसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरि उच्चस्तरिय सेवा प्रदान गर्नु पर्ने ।

५. आफुले लिएको निर्णयहरुमा आफनै व्यक्तीगत रुपमा जिम्मेवार र जवाफदेहि हुनु पर्ने ।

६.आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफनो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७. कुनैपनि विरामी वा ओसार पसार गर्नु अघि उस्को वारेमा प्रयाप्त जानकारी लीई उपचारमा सहयोग गर्ने ।

८. विरामीलाई विच वाटोमा छाडन नहुने ।

९. आफनो कामको सिलसिलामा पाएका कुनै पनि सुचना गोप्य राख्नु पर्ने तथा विरामीहरुबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचनाको वारेमा जानकारी दिन सक्ने ।

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुरयाउनु पर्ने ।

११. आफुले उचित देखेको विरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफनो सुपेरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिन पर्ने ।

१२. प्रचलित कानूनको पालना गर्ने ।

म उत्तम बहादुर विष्ट ,पुर्चौंडी नगरपालिका वडा नं. ७ कोटिला स्थाई ठेगाना भएको ना. प्र. नं...२०२३ बैतडी.जिल्ला ड्राइभिङ लाइसेन्स नं. ३६६५९२.ले माथी उल्लेखित आचार संहिता अध्ययन गरेको छु, बैतडी जिल्ला पुर्चौंडी नगरपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्णरुपमा पालना गर्न सहमति जनाई सहि छाप गरेको छु ।

चालकको दस्तखत: उत्तम

मिति:२०७५।०९।२०

रहोवरमा प्रमाणित गर्नेको दस्तखत: 2075।9।20

नामथर: कमलराज उपाध्याय नि. प्रमुख प्रशासकीय अधिकृत

पद: नि. प्रमुख प्रसासकिय अधिकृत

मिति::२०७५।०९।२०

संस्थाको छाप: पुर्चौंडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल